# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. ४१६४

मितिः २०८२/११/०८

**विषयः आवासविहिन विपन्नहरुलाइ सम्पर्कको लागी पठाइदिने सम्वन्धमा ।**

श्री वडा कार्यालयहरु सबै
इटहरी उपमहानगरपालिका , सुनसरी ।

प्रस्तुत विषयमा पूर्वाधार विकास कार्यालय , सुनसरी इनरुवको पत्र संख्या २०८२/०८३ च. नं. ४३९ मिति २०८२/११/०४ गतेको पत्रानुसार जनता आवास कार्यक्रमको आवास विहिन विपन्नहरुको लागी कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ अनुसार निवेदन दर्ता गर्न राष्ट्रिय दैनिक पूर्वी हटलाइन पत्रिकामा मिति २०८२/११/०४ मा सुचना प्रकाशन भएको हुंदा सो मिति देखि १० दिन भित्र मिति २०८२/११/१३ गते सम्म कार्यालय समय भित्र आवास विहिन विपन्नहरुलाइ यसै कार्यालयमा सम्पर्क गराइ दिनुहुनका लागी भनि जानकारी प्राप्त हुन आएको , कार्यविधिको दफा ५ को उपदफा २ बमोजिम उक्त निवेदन सम्वन्धित प्रदेश सभा सदस्यको सचिवालयमा समेत उल्लेखित अवधि भित्र दर्ता गर्न सकिने गरी उपरोक्त सम्बन्धमा प्रकाशित सूचना समेतको प्रतिलिपी प्राप्त हुन आएको हुंदा उपरोक्तानुसारको पूर्वाधार विकास कार्यालयको पत्र तथा सुचना बमोजिम आवासविहिन विपन्नहरुलाइ पूर्वाधार विकास कार्यालय सुनसरीमा सम्पर्कका लागी पठाइदिनु हुन पूर्वाधार विकास कार्यालयको पत्रको प्रतिलिपी थान १ तथा सुचनाको प्रतिलिपी थान १ समेत यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

अधिकृत स्तर सातौं

बोधार्थ –
क्लष्टर प्रमुख इ.श्री उमाशंकर प्रसाद गुप्ता
पूर्वाधार विकास महाशाखा , इटहरी उपमहानगरपालिका ।
क्लष्टर प्रमुख इ.श्री जिवन घिमिरे
पूर्वाधार विकास महाशाखा , इटहरी उपमहानगरपालिका ।
श्री सुचना शाखा , इटहरी उपमहानगरपालिका
वडा कार्यालयहरुमा इमेल पठाइ वेभसाइटमा अपलोड गरिदिनु हुन ।

सादर अवगतार्थ –
श्री नगर प्रमुखको सचिवालय ,
इटहरी उपमहानगरपालिका ।
श्री नगर उपप्रमुखको सचिवालय ,
इटहरी उपमहानगरपालिका ।